परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक २५ २०८१ माघ २७ आईतवार Sunday 9, FEB 2025 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धि विधियक सदनमा पेश गर्ने प्रतिवद्धता



विराटनगर । कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धि विधेयक भाषा आयोगले दिएको सिफारीसलाई ध्यानमा राखी यही आर्थिक वर्षमा सदनमा प्रस्तुत गर्ने प्रतिवद्धता कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले जनाएका छन् ।

भाषा आयोगले विराटनगरमा आयोजना गरको कोशी प्रदेशको कामकाजी भाषा विधेयक २०८१ सम्वन्धि अन्तरक्रिया कार्यक्रम लाई समुद्घाटन गर्दै सो कुरा वताएका थिए । वहाँले भने कोशी प्रदेशमा बोलिने १०९ भाषालाई संरक्षण र प्रवर्द्धन गर्न कोशी प्रदेश सरकार प्रतिवद्ध रहेको छ । कोशी प्रदेशमा सरकारी कामकाजको भाषा मैथली र लिम्बुलाई लागु गर्न सिफरीश गरेपनि म आफै तीन पटक मुख्यमन्त्री भई सक्दा पनि लागु हुन नसकेको स्वीकार गर्दै सो विधेयकमा आवश्यक छलफल चलाउन समाजिक विकास मन्त्रालयका मन्त्रीलाई निर्देशन समेत दिएका थिए ।

संघीयता, संविधान र आयोगको सिफारिशको मर्म आत्मसात गरेर तयार पारिएको मस्यौदालाई वास्ता नगरि पटक(पटक घुमाउरो पाराले आलटाल गर्नु, तर्कवितर्क गर्नु भनेको फरीपनि अध्ययन र तर्क( वितर्कमा मात्र सिमित हुनु फेरि पनि एकल भाषाकै वर्चस्व कायम राख्ने नीति प्रदेश सरकारले लिएका मैथली र लिम्बु भाषाका अभियान्ताहरुले आरोप लगाएका थिए ।

भाषा आयोगकाअध्यक्ष माननीय डा. गोपाल ठाकुरले भाषा विज्ञानको दृष्टीकोण वाट नेलका पहिलो संविधान सभा देखि नेपालको संविधान २७०७२ सम्मको व्यवस्थामा गरिएको विभिन्न प्रविधिक र तथ्य(तथ्यांकको लगायत अध्य प्रावधानहरु लाई मध्यनजर गर्दै सोही अनुसार गठन भएको भाषा आयोगले सोही अनुसार सुझाव र सिफारीस सहितका प्रतिवेदन दिदै आएको छ । सोही प्रतिवेदनका आधारमा प्रदेश सरकार र स्थानीय निकायले कामकाजको भाषा तोक्न सकिन्छ । त्यसमा अझ कुनै

वांकी अन्तिम पेजमा...

## जिल्ला अधिवेशनलाई सफल बनाउन समिति गठन

विराटनगर । नेकपा (ऐमाले) मोरंगको १० औं जिल्ला अधिवेशनलाई भव्यताका साथ सफल बनाउनको लागि १० वटा उपसमितिहरु गठन गरिएको छ ।

अगामी फागनु १७, १८ र १९ गते विराटनगरमा हुने अधिवेशनलाई सफल वनाउन गठन भएको १० वटा उपसमितिहरु मध्ये प्रचार प्रसार उपसमितिका संयोजक संतोष वान्तवाले पार्टी कार्यालय पंचालीमा गरेको बैठकले प्रविधीको प्रयोग गरि अधिवेशनको व्यापक प्रचार प्रसार गर्ने निर्णय गरेको छ ।

उपसमिति संयोजक सन्तोष बान्तवाको अध्यक्षतामा बसेको बैठकले प्रचार प्रसारका लागि आवश्यक तयारी आजैदेखि शुरु गरिएको जनाईएको छ ।

सोही बैठकमा वान्तावाले भने अधिवेशनलाइ सफल वनाउन नेकपा (एमाले) मोरंग जिल्ला संगठन कमेटीले मूल व्यवस्थापन समितिको भूमिका निर्वाह गर्ने गरी, आर्थिक व्यवस्थापन उपसमितिको प्रमुखमा राजन भण्डारी, स्वयम सेवक उपसमितिको शान्ति कुमारी लिम्बु, मञ्च व्यवस्थापन उपसमितिको प्रमुख संतोष साह, अतिथी सत्कार उपसमितिको प्रमुखमा शिल्पा निराला कार्की, राजनितिक प्रतिवेदन लेखन उपसमितिका प्रमुखमा बाबुराम कार्की, सांगठनिक प्रतिवेदन लेखन उपसमितिका प्रमुखमा रविन थापा, खाद्य्य तथा आवास व्यवस्थापन उपसमितिका प्रमुखमा राधे श्याम कट्टेल, प्रतिनिधी व्यवस्थापन उपसमितिको प्रमुखमा रविन थापा र स्वास्थ्य उपसमितिको प्रमुखमा मनोज विक्रम शाहलाई जिम्मेवारी दिएको छ ।

वांकी अन्तिम पेजमा...

## असल नागरिक निर्माणमा स्काउटको महत्वपूर्ण भुमिका

विराटनगर । असल नागरिक निर्माणमा स्काउटको महत्वपूर्ण भूमिका रहेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताएका छन् ।

कोशी प्रदेशस्तरिय चौथो नेपाल स्काउट भेलाको उद्घाटन गर्दै उहाँले सो कुरा वताएका हुन । समाजमा अनुशासन कायम गरी सेवाभाव जगाउने कार्यमा स्काउटले आफनो भुमिका निर्वाह गरिरहेको विचार राख्दै स्काउटले असल नागरिक निर्माण गरी राष्ट्रसेवामा समर्पित हुने कार्य गरिरहेको वताए ।

मुख्यमन्त्री कार्कीले मुलुकमा आउने विपद्का एवं महामारीका समयमा स्काउट का स्वयंसेवकले गरेका सेवा कार्यको भूमिका उल्लेखनीय रहेकोमा स्काउट को प्रशंसा गर्दै उहाँले समाज र राष्ट्रलाई सहि वाटोमा लैजाने असल नागरिक उत्पादनमा स्काउट को भूमिका महत्वपूर्ण वताए ।

मुख्यमन्त्री कार्कीले प्रदेश का सम्पूर्ण वडा तथा सवै विद्यालयहरुमा स्काउटको विस्तार गर्नुपर्नेमा जोड दिनु दिदै उहाँले स्काउटलाई राजनीतिबाट टाडा राखी विशुद्ध सामाजिक कार्यमा लाग्नुपर्ने सुझाव दिएका थिए ।

प्रदेशका सामाजिक विकासमन्त्री पाँचकर्ण राईले असल समाज निर्माण गरी आर्थिक र वौद्धिक विकासमा स्काउटको ध्यान केन्द्रित हनुपर्ने विचार व्यक्त गरेका थिए

वांकी अन्तिम पेजमा...


## खेलकुद विकास वोर्डले खेलकुद महोत्सव आयोजना गर्ने



विराटनगर । कोशी प्रदेश खेलकुद विकास बोर्डले कोशी प्रदेश खेल महोत्सव २०८१ आयोजना गर्ने भएको छ । विराटनगर स्थित बोर्ड कार्यालयमा बसेको बोर्डको २६ औं बैठकले विराटनगरमा फागुन १३ देखि १८ गते सम्म खेल महोत्सव आयोजना गर्ने निर्णय गरेको छ ।

कोशी प्रदेशका सामाजिक विकास मन्त्री तथा बोर्डका अध्यक्ष पाँचकर्ण राईको अध्यक्षतामा बसेको बैठकले महोत्सवमा बोर्डले वार्षिक

वांकी अन्तिम पेजमा...



परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## कोशी...

सल्लाह सुझाव प्रदेश सरकार र स्थानीय सरकार लाई चाहिएमा भाषा आयोग त्यसको लागि तयार रहेको वताए ।

अन्तरक्रियामा उठेका विषयहरुको बुद्धागत रुपमा जवाफ दिदै अहिले कुन(कुन भाषा करी अगाडी बढाउन सकिने भन्ने संवैधानिक परिकल्पना, जनगानाको तथ्याँक र भाषा विज्ञानको आधारहरु समेतलाई विचार गरेर आयोगले सुझाव सहित प्रतिवेदन दिइसकेकोले प्रदेश सरकारले सरकारी कामकाज को भाषा सम्बन्धि विधेक बनाउन सबै प्रदेश सरकारलाइ आग्रह गरका थिए ।

भाषा आयोगका सचिव लोक बहादुर लोपचनल भने वागमती प्रदेशमा लागु गरिएको विधेयक कसरी पास भयो, कसरी लागु भई रहको छ विषयमा चर्चा गर्दै बागमती प्रदेशका भाषा विधेयकलाई पुरै वाचन गरेर सुनाएका थिए । त्यसलाई समेत सन्दर्भमा लिएर, अन्य प्रदेशहरु गण्डकी, लुम्बिनी, कर्णाली, सुदुर(पश्चिम र मधेश प्रदेशको विधेयकहरु लाई समेत अध्ययन गरि भाषा आयोगको विभिन्न राय(सुझाव र प्रतिवेदनहरुलाई दृष्टिगत गरि कोशी प्रदेशमा चाँडै नै विधेयक पास गर्न आग्रह गरेका थिए ।

त्यसैगरी भाषा संस्कृति प्रतिष्ठानका अध्यक्ष एवम् मगही भाषा अभियन्ता जय प्रकाश महतोले झापा देखि रौतहट सम्मका तथ्यांक प्रस्तुत गर्दै भने यस क्षेत्रका ६० प्रतिशत मानिसले मगही भाषा वोल्ने गरिन्छ । मगही भाषालाई केही उच्च जातका व्यक्तिहरुले दवाउन खोजेको भन्दै सत्य तथ्यमा रह्री तथ्याँक संकलन गरी सबै भाषा( भाषीका संरक्षण र सम्वर्द्धन गर्न प्रदेश सरकारसंग माग गरेका थिए ।

उक्त कार्यक्रममा भाषा आयोगका पदाधिकारीहरु लगायत कोशी प्रदेशका मन्त्रीहरु प्रदेशसभा सदस्यह हरु, विभिन्न भाषा(भाषीसंग संम्बन्धि संघ संस्थाका अगुवाहरुको सहभागीता रहको थियो ।

त्यसैगरी वरिष्ठ भाषा अभियन्ता रामरिझन यादव, अधिवक्ता संजु कुमारी साह, संचारकर्मी श्याम सुतिहार, राम प्रसाद गुप्ता, संजित यादव, बसुन्धरा झा, ज्योति कामत 'डोमी', साहित्यकार कर्ण संजय, मैथिली सेवा समितिको अध्यक्ष डा. एस. एन. झा, मैथिली एसोसिएशन नेपाल अध्यक्ष प्रवीण नारायण चौधरी, मैथली गायक विरेन्द्र झा लगायतको उपस्थिति रहेको थियो ।




## जिल्ला...

नेपाल कम्युनिष्ट पार्टी (एमाले) मोरंगको १० औं जिल्ला अधिवेशनको लागि फागुन १० गते एकै दिन जिल्ला भरी प्रतिनिधी छनौट गर्ने जानकारी वान्तावाले दिए । साथै अधिवेशसंगै ३ महिने जरा केन्द्रीत अभियान लाई पनि तिव्रता दिने बताए ।

प्रचार प्रसार उपसमिति को बैठकले प्रेस चौतारी कोशी प्रदेशको आगामी माघ ३० गते विराटनगरमा हुने दोश्रो प्रदेश अधिवेशन तथा फागुन २५-२७ सम्म विराटनगरमा हुने १० औं केन्द्रीय महाधिवेशन भव्य रुपमा सम्पन्न गर्न आवश्यक सहयोग गर्ने निर्णय गरेको छ ।

बैठकमा एमाले मोरङ अध्यक्ष बाबुराम कार्की, उपसचिव सोमराज थापा लगायतको सहभागिता रहेको थियो ।

## असल...

त्यसैगरी विराटनगर महानगरपालिका उपप्रमुख शिल्पा निराला कार्की, समाजिक विकास मन्त्रालयका सचिव हेमराज तामाङ तथा नेपाल स्काउटका प्रमुख आयुक्त महेन्द्रराज रन्जितले समाजको विकास एवं अनुशासन स्काउटको महत्वपूर्ण भूमिका हुने चर्चा गरेका थिए

तीन दिने भेलामा प्रदेशका ६७ वटा पालिका तथा विभिन्न विद्यालयका पाँच हजार स्काउटका विद्यार्थीहरुको सहभागिता रहेको छ ।

सो भेलाले वाढी पहिरो एवं विपदको समयमा उद्धारकार्य, अनुसाशान लगायत स्काउट सम्वन्धि विभिन्न क्रियाकलापको आयोजना हुने आयोजकले जानकारी दिए ।

## खेलकुद...

रुपमा आयोजना गर्ने विभिन्न प्रदेश स्तरीय खेलकुद प्रतियोगिता गर्ने निर्णय गरेको बोर्डका सदस्य सचिव कृष्ण बस्नेत ( पर्शुराम ) ले जानकारी गराएका थिए ।

बस्नेतले खेल महोत्सव आयोजना गर्न बोर्ड बैठकले सामाजिक विकास मन्त्री राईको नेतृत्वमा ६१ सदस्यीय मूल समारोह समिति र विभिन्न उपसमिति समेत गठन गरेको वताए ।

बस्नेतका अनुसार खेल महोत्सव अन्तर्गत बोर्डले प्रदेशस्तरीय महिला फुटबल , महिला तथा पुरुष दौड, महिला तथा पुरुष कब्बड्डी, भेट्रान बाघचाल, महिला तथा पुरुष टेबलटेनिस, महिला तथा पुरुष बुद्धिचाल, महिला तथा पुरुष कराते, महिला तथा पुरुष तेक्वान्दो र पुरुष सफ्टटेनिस र डोरीतान लगायतको खेलकुद प्रतियोगिता आयोजना गर्नेछ ।

## संस्कृति र साँस्कृतिक सम्पदाको संरक्षण गरौं

- संस्कृति र साँस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरुको संरक्षण गर्नु हाम्रो दायित्व हो,
- साँस्कृतिक विविधता बीच एकता कायम राखौं,
- साँस्कृतिक धरोहरहरुको प्रचार-प्रसार र सुरक्षा गरौं,
- सम्पदा वरिपरि सफा राखी सभ्य समाजको निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचरा कायम राखौं,

साँस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**मधुबाबु तिवारी (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. ७ को कार्यालय**

## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔ ।
- सवै प्रकारका हिंसाको अन्त्य गरौ ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौ ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।

**सुनवर्षी नगरपालिकाको कार्यालय**
**मोरंग, कोशी प्रदेश**

## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔ ।
- सवै प्रकारका हिंसाको अन्त्य गरौ ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौ ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।

**रतुवामाई नगरपालिकाको कार्यालय**
**मोरंग, कोशी प्रदेश**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# स्काउटले युवालाई दिने संदेश

कोशी प्रदेशको राजधानी विराटनगर-१४ स्थित डिग्री क्याम्पसको प्रांगणमा प्रदेशस्तरिय चौथो नेपाल स्काउट भेलाका सुरु भएको छ । स्काउटले यूवा पुस्तालाई अनुशासनमा राख्न, नेतृत्व गर्न, सेवाको भावना र आत्मनिर्भर हुन सिकाउने थलोको रुपमा स्काउटलाइ लिनइन्छ। समाजको सशक्तीकरणका लागि अनुशासन, नेतृत्व, सेवा भावना, र आत्मनिर्भरता आवश्यक तत्व र हेको छ । यिनै मूल्यमान्यताहरूलाई आत्मसात गर्दै स्काउट विश्वभर लाखौं युवाहरूलाई सही मार्गदर्शन गर्दै आएको छ।

अन्य प्रदेशहरुमा संचालन हुने स्काउटको गतिविधीहरु जस्तै कोशी प्रदेश स्तरीय स्काले पनि समाजमा महत्वपूर्ण संदेश प्रवाह गर्ने छ। जस्तै विपद् व्यवस्थापन सामाजिक सहायता र समाजलाई सेवा पुग्ने कामहरुमा संलग्न भई समुदायको हितमा काम गर्ने पाठ सिकाउँछ । जसले गर्दा युवाहरूलाई जिम्मेवारीबोध गराउँदै उनीहरूलाई सक्षम, आत्मनिर्भर, र अनुशासित नागरिकका रूपमा विकसित गर्न प्रेरित गर्छ।

सामाजिक एकता र सद्भावनाः जाति, धर्म, भाषा, तथा क्षेत्रीय विभाजन भन्दा माथि उठेर एकताको सन्देश दिनु स्काउटे लक्ष्यलाई आत्मसात गर्दै विभिन्न जातजाति र समुदायका युवाहरू एउटै समुहकमा संगठित भएर परस्पर सहयोगको भावना अभिवृद्धि गर्न अभियानमा यूवाहरु लाग्ने छन् । कोशी प्रदेश स्तरीय स्काउटले युवाहरूलाई मार्गदर्शन गर्ने मात्र नभई समाज सुधारको अभियन्ताका रूपमा प्रस्तुत हुनेछ। स्काउट केवल शब्दमा सीमित नभई कार्यान्वयनमा लैजाने हो भने मात्रै स्काउटको वास्तविक प्रभाव समाजमा देख्न सकिन्छ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ । आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# ऋण लिएर खर्च गर्न नजान्ने हामी

**मनीष झा**

एउटा अचम्मको संयोग के पाइन्छ भने, नेताहरूले नेतृत्व गर्ने दल प्रायः सधैं ठूलो हुँदै जान्छ, समृद्ध हुँदै जान्छ। ती नेताको दल कहिल्यै घाटामा गएको सुनिँदैन । तर त्यही नेताको नेतृत्वमा रहेको सरकार र देश किन घाटामा जान्छ, ऋणले थिचिँदै जान्छ ?

केही राजनीतिक नेताहरू सरकारमा आबद्ध भएपछि व्यावसायिक घरानासँग साझेदारीमा व्यवसाय समेत सञ्चालन गर्छन्। त्यो पनि नाफामै हुन्छ। तर सरकार भने घाटामा।

निजी क्षेत्रमा पनि यस्तै देखिन्छ। कुनै व्यवसायीले राजनीतिक दल खोले पनि त्यसमा पर्याप्त ध्यान दिएको पाइँदैन । देश बनाउने भनेर सुरूआत गरेका हुन्छन्, सामाजिक सञ्जालमै उनीहरू को अभियान टुंगिन्छ ।

के यो संयोग मात्र हो त ?

होइन !

यो रणनीति र कार्यगत भिन्नताले भएको हो। आफ्नो काममा लगानीको जति माया छ, त्यति माया देशको लगानीप्रति नभएकाले हो ।

यो किन त ?

एउटा सामान्य व्यापारीले लगानीको योजना बनाउँदै गर्दा सम्भाव्यता र दिगोपन हेर्छ। लगानीसँग सम्बन्धित व्यवहार मा नियमित र नवीनतम अभ्यास छ कि छैन भन्ने सुनिश्चितता सहितको योजना बनाउँछ। सार्वजनिक क्षेत्रमा भने यस्तो हुँदैन। राजनीतिक सिद्धान्त र राजनीतिज्ञको लाभ हाबी हुन्छ ।

अर्थतन्त्रमा मुख्य रूपमा तीनवटा पाटा हुन्छन् ।

पहिलो, सरकारको आर्थिक हैसियत, रणनीति, खर्च गर्ने चरित्र र प्राथमिकताको नीति तथा कार्यक्रम ।

दोस्रो, निजी क्षेत्रको आर्थिक दक्षता, नवीनतम अभ्यास सहितको लगानी, त्यहाँबाट सिर्जित कर र रोजगारी।

तेस्रो, सामाजिक विकास को क्षेत्रमा वैदेशिक सहयोग र प्राथमिकता कार्यक्रम ।

नेपालको सन्दर्भमा यी तीनवटै पाटाको संख्यात्मक क्षमता स्पष्ट छ, तर रणनीतिक प्राथमिकता र योजना स्थिर छैन ।

मैले संघीय सदनको एक सांसद तथा सार्वजनिक लेखा समितिको सदस्यका रूपमा नेपालको अर्थतन्त्रसँग सम्बन्धित लगानीको रणनीति र आर्थिक अनुशासनलाई नजिकबाट नियालिरहेको छु। मेरो बुझाइमा देशको अहिलेको जटिल आर्थिक अवस्थाको एउटा प्रमुख कारण हाम्रो आर्थिक अनुशासन र खर्चको रणनीतिमा गम्भीर कमजोरीलाई मान्न सकिन्छ।

वार्षिक चालु बजेटभन्दा बेरूजु रकम धेरै रहनु, बक्यौता रकम बढ्दै जानु, देशको अर्थतन्त्रको ४२ प्रतिशतभन्दा धेरै ऋण थोपरिनु, तर पनि बजारमा कुनै किसिमको उत्साह नदेखिनुले हाम्रो रणनीतिक कमजोरी स्पष्ट पार्छ।

ऋण लिनु नराम्रो होइन। ऋण लिएर त्यसको फाइदा उठाउन सक्दा धेरै राम्रो हुन्छ । विश्व अर्थतन्त्रको लामो इतिहासमा ऋण लिएर, त्यसको रणनीतिक रूपमा उपयोग गरेर थुप्रै देशका अर्थतन्त्र उँभो लागेका सफल उदाहरण छन् ।

जस्तै, युद्धपछिको अमेरिकाले निर्यातका लागि बजार स्थापना गर्न र विश्वव्यापी आर्थिक स्थिरता बढाउन ऋण प्रयोग गऱ्यो। रणनीतिक ऋण उपयोगिताले जापानको युद्धपछिको आर्थिक 'बुम' (सन् १९५०-१९७० को दशक) लाई समर्थन गऱ्यो। फलस्वरूप स्टिल, अटोमोबाइल र इलेक्ट्रोनिक्स जस्ता प्रमुख उद्योगहरूमा द्रुत औद्योगिकीकरण र विस्तार भयो । चीनको आर्थिक प्रगतिको (सन् १९९०- वर्तमान) मूल मियो राज्य-समर्थित ऋण थियो जसले राज्यको स्वामित्वमा भएका उत्पादनशील क्षेत्रहरूलाई आर्थिक सहायता प्रदान गऱ्यो। परिणाम स्वरूप चीन विश्वव्यापी उत्पादन शक्तिमा परिणत भयो ।

सन् २००८ को विश्वव्यापी वित्तीय संकटको समयमा अमेरिकी सरकारले ट्रबल्ड एसेट रिलिफ प्रोग्राम (टिएआरपी) र मात्रात्मक सहजता कार्यक्रमहरू लागू गरेर अर्थ व्यवस्था स्थिर बनाउन ठूलो मात्रामा ऋण प्रयोग गऱ्यो। जर्मनीको दोस्रो विश्व युद्धपछिको आर्थिक चमत्कार मुख्यतया अमेरिका र अन्य युरोपेली देशहरूबाट लिइएको ऋणको रणनीतिक उपयोग नै थियो। दक्षिण कोरियाको आर्थिक विस्तार (१९६०-१९८०) राज्य-निर्देशित वित्त पोषणद्वारा सम्भव भएको थियो जुन इलेक्ट्रोनिक्स, जहाज निर्माण र अटोमोबाइल जस्ता ठूला उद्योगहरूमा केन्द्रित थियो।

यी उदाहरणले दोस्रो विश्व युद्धपछिको आर्थिक वृद्धि र आधुनिकीकरणलाई बढावा दिन आन्तरिक तथा बाह्य ऋणको रणनीतिक भूमिकालाई चित्रित गर्छ ।

तर ऋण थोपरिनु र त्यसबाट केही पनि फाइदा नहुनु चाहिँ घातक हुन्छ

जस्तै, कोशी ब्यारेज तथा सिँचाइ आयोजना, काठमाडौं उपत्यका सहरी यातायात आयोजना, चिलिमे जलविद्युत आयोजना, विशाल बजार आवास आयोजना, विष्णुप्रिया-गोरखा सडक आयोजना, तिरपुर जलविद्युत आयोजना र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल जस्ता आयोजनाहरू पूर्वाधार विकास र दीर्घकालीन प्रतिफल उत्पन्न गर्न डिजाइन गरिएको थियो ।

तर यी आयोजनाले अपर्याप्त मर्मतसम्भार, प्राविधिक कठिनाइ, वातावरणीय क्षति, निर्माणमा ढिलाइ, स्थानीय समुदायका चुनौती र राजनीतिक अस्थिरता जस्ता समस्या सामना गर्दै आएका छन् । ठूलो वैदेशिक लगानीका बाबजुद यी आयोजनाले सोचेको प्रतिफल तथा उद्देश्य प्राप्त गर्न नसक्दा सरकारलाई ठूलो आर्थिक भार परेको छ ।

नेताहरूको निर्वाचन क्षेत्रमा अर्बौंको अस्पताल बनाउने योजना बनाइन्छ र वैदेशिक ऋण समेत खोजिन्छ। तर त्यहीँको समुदाय बसाइँसराइ गरेर आफ्नो थातथलो छाड्ने क्रममा हुन्छ। अब त्यहाँ गरेको लगानीको फाइदा न त समाजले पाउनेवाला छ, न राज्यले। अनि त्यो बनाउन लिएको ऋणको ब्याज तिर्न अर्को ऋण लिनुपरेको छ।

आयोजना कार्यान्वयनमा ढिलाइ र विभिन्न समस्याले पनि ठूलो आर्थिक भार परेको छ। कतै कतै त राजनीतिक दलका नेताहरूलाई ऋण लिइदिन पनि आर्थिक प्याकेज दिइन्छ।

हामीले छिमेकी देशहरू बाट पनि सिक्न सक्छौं। देशको सफल व्यावसायिक समूहबाट सिक्न सक्छौं, सफल राष्ट्रबाट सिक्न सक्छौं । ऋण गलत होइन, तर ऋणको गलत प्रयोग पाप हो ।

सन् २००३ मा चीनको प्रतिव्यक्ति आय १२८२ डलर थियो। पाँच वर्ष अन्तरालमा सन् २००८ मा ३४४७ डलर पुग्यो । ११ प्रतिशतको दरले प्रगति भयो ।

भारतको प्रतिव्यक्ति आय सन् २०१० मा १३८४ डलर थियो । सन् २०२२ मा २४६६

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# नेपालमा मगही भाषाको परिचय

**जय प्रकाश महतो**

नेपालमा मागधी प्राकृतबाट जन्मिएका भाषाहरु मगही, भोजपुरी, मैथली, थारु, ताजपुरी, राजवंशी, बंगाली, अंगिका लगायत अन्य भाषाहरु पनि निकै रहेका छन् । भारतमा मगही र भोजपुरी भाषाको साहित्यको रचना उल्लेखनीय रुपमा भएको देखिन्छ । तर नेपालमा भोजपुरीको साहित्य रचना अलिअलि भएको छ । तर मगहीको साहित्य रचना हुन सकेको छैन् । खास गरेर मैथिली भाषिहरुले मगहीलाई ठेठी मैथिली वा मैथिली वा ठेठी वा सोलकन वा निम्नकोटीको भाषा भनेर ब्याख्या गरेका थिए र अहिले पनि गरिरहेका छन् । किनकि मगही भाषा बोल्नेहरु त्यतिवेला पढेलेखेका थिएनन् र जो व्यक्तिहरु पढेलेखेका थिए त्यो व्यक्तिहरु संस्कृत, समाजशास्त्र, राजनैतिक शास्त्र, संस्कृति शास्त्र, भाषा शास्त्र विज्ञान, तर्क शास्त्र, धर्म शास्त्र, भुगोल शास्त्र, इतिहासको अध्ययन एक दमै थोरै संख्यामा गरेका थिए । जसको कारण नपढेकालाई र पढेकालाई पनि को कुन भाषा बोल्छ भन्ने कुरा थाहा भएन् । बोल्नेहरुको अज्ञानता र बुझनेको शोसन गर्ने उद्देश्य भएकोले मगहीलाई मैथिली भाषा भनेर प्रचार गर्दै बास्तविक कुरा लुकाए । जसको कारण मगही भाषाको नाम तथ्यांकमा समाबेश हुन सकेन् । जबकि मगही भाषा नेपालमा बहुसंख्यकले बोलिरहेका छन् । ति मगही भाषा भारोपेली परिवार भित्रको भाषा रहेको कुरा अब प्रचार प्रसार भईरहेको छ ।



लेखक : जय प्रकाश महतो

मागधी प्राकृतबाट जन्मेका मगही भाषा झापा देखी रौतहट सम्म तराई मधेशको भुभागमा बोलिन्छ । तराई मधेशका बहुसंख्यक जातिहरु (पिछडावर्ग : कुशवाहा, केवट, यादव, तेली, सुडी, हजाम, बढई, केवरत, कुर्मी, नुनिया, कुम्हार, कमार, कानु, कलवार, अमात, कलवार, कसेरा, सोनार, राजभर, धोबी, राजधोब, बनिया, हलुवाई, भेडिहर, कथवनिया, माली, मल्लाहा, बरँई, मधेशका दलित: चमार, हरिजन, मुसहर, पासवान, डोम(मेस्तर) लगायत मधेशका आदीवासी जनजाती: धानुक, थारु, राजवंशी, दनुवार, गनगाई, आदीको भुगोल, पहिरण, पेशा, रहनसहन, संस्कार, संस्कृति, धर्म, आचरण, व्यवहार, लवाईखुवाई समान रहेको छ । मुसलमानहरुले पनि मगही भाषा नै प्राय: बोल्ने गर्छ । प्राचीन काल देखी यी सबै जातिहरु एउटै समाजमा र एउटै भुगोलमा बस्दै आएको छ ।

एउटा जाति हुनको लागि त्यस जातिको आफनो भाषा, संस्कृति, पहिरण, भुगोल, पेशा, उद्गम स्थल अनिवार्य हुनु पर्दछ अनि मात्र त्यो जाति हुन्छ । जब सम्म राज्यले माथि उल्लेख गरेका जातहरुको भाषा, संस्कृति, पहिरण, भुगोल, पेशा, उद्गम स्थल कायम गर्दैन तब सम्म ति जातिहरुले राज्यबाट समतामुलक पहिचान र सम्मान पाउन सक्दैन् । त्यसको लागि मातृभाषाको पहिचान मुख्य हो । तराई मधेशमा बसोवास गर्ने पिछडावर्गहरु, दलितहरु, जनजातिहरुको भाषा, संस्कृति, भुगोल, पहिरण आदीमा समानता रहेको र त्यो समानताले अवल समाज पनि निर्माण भएको हो । यसले विविधतामा एकता कायम गरेको देखिन्छ । तसर्थ, नेपालमा मगही भाषाको परिचय र उपस्थिति निकै पुरानो रहेको कुरा तल उल्लेख गरेको तालिकाबाट सावित हुन्छ ।

प्रा. बालकृष्ण पोखरेल लगायत अन्य भाषाविदहरुले पनि यस कुरालाई समर्थन गरेका छन् । उहाँले नेपाली बृहत शब्दकोशमा बिदेह भनेको मिथिला र मगध देशलाई जनाउने प्राचीन नाम भनेर पनि उल्लेख गरेको पाईन्छ ।

महाभारत पर्वतको लहर मा बस्ने दनुवार जातिहरुले मागधेली शाखा भित्रको नेपालवर्गमा पर्ने दनुवारी भाषा बोल्दछन् । पूर्वी नेपालको पहाड र भित्री मधेशमा बस्ने माझीहरु ठुलठुल्ला नदीहरुको तटमा माझी भाषा बोल्दछन् । पुर्वी नेपालको माझीहरुको भाषा र पश्चिम माझीहरुको बोली भाषामा फरक हुन सक्दछ । तर पनि ति दुवै बोली वा भाषा मागधी शाखा भित्र पर्दछन् । माथि उल्लेख गरिएको भाषिक चार्ट अनुसार मगही, भोजपुरी, मैथली, ताजपुरी, थारुवानी, दनुवारी, माझी मागधी शाखा भित्र नै पर्दछन् भने कुरा सावित हुन जान्छ ।

अर्धमागधी शाखाको भारतवर्ग भित्र पर्ने एक मात्र भाषा अवधी हुन् जसको सम्बन्ध अवध प्रान्तसित रहेको छ । अवधी भाषालाई साहित्यको रुपमा सम्पन्न मानिन्छ । त्यस्तै, अर्धमागधी शाखाको नेपालवर्ग भित्र पर्ने चार भाषाहरु बोटे, दर, थारुवानी र कुम्हाले नेपालको सुदुरपश्चिममा बोलिन्छ । बोटेहरु भित्री मधेसमा, कुम्मालेहरु केही मात्रामा पूर्वी पहाडको भित्री मधेसमा र केही मात्रामा पश्चिमी पहाडको भित्री मधेसमा बसोवास गर्दछन् । बोटेहरुले माझीहरु जस्तै माछा मार्ने र डुङ्गा ख्याउने काम गर्दछन् । भित्री मधेस तिनै जातिहरुको लागि साझा भएकोले तिनिहरु एक अर्कोको छिमेकी हुन आउँछ । पूर्वमा थारुले मागधी भित्रको थारुवानी भाषा बोल्दछ भने पश्चिममा अर्धमागधी भित्रका थारुवानी भाषा बोल्दछन् ।

माथि दिएको चार्टलाई अध्ययन गर्ने हो भने यसमा दुईवटा कुरा छुट्याइएको देखिन्छ-पहिलो नेपालवर्ग र दोस्रो भारतवर्ग । नेपालवर्ग भन्नुको मतलव ति जातिहरु जसलाई नेपालको संबैधानिक कानुन अनुसार आदीवासी जनजातिमा सुचिकृत भएकोले ति जातिहरुले बोल्ने भाषालाई नेपालवर्गमा राखेको हुन सक्दछ । त्यस्तै, भारतवर्ग भन्नुको मतलव ति जातिहरु जो नेपालको संवैधानिक कानुन अनुसार कुनै वर्गमा त्यतिवेला सम्म नराखेकोले भारतवर्ग समूह कायम गरी ति भाषा बोल्ने जातिहरुलाई भारतवर्गमा राखेको हुन सक्दछ । जबकी मगही र भोजपुरी बोल्ने जातिहरु नेपालमा विगत पाँच हजार वर्ष भन्दा पहिला देखि बसोवास गरिरहेको प्रमाण इतिहासले देखाईरहेको छ । यसलाई थप अनुसन्धानको आवश्यता रहेको देखिन्छ । साथै, केही मान्छेहरुले मैथिली भाषालाई जानकी भाषा वा बैदेही भाषा वा जनकपुरको भाषा, मिथिला भाषा वा मधेशी भाषा भनिरहेका छन् किनकि ति भाषाहरु राजा जनकको भुमिबाट उत्पति भएको मानिन्छ । तर त्यो कुरा चाँही पुर्णरुपमा गलत हो किनभने राजा जनकको राज्यकाल त्रेता युगमा मिथिला नामक राज्य थियो र राजा जनकको मातृभाषा संस्कृत थियो ।

त्रेता युगमा भाषाशास्त्री हरुको अनुसार संस्कृत भाषा( बैदिक भाषा) मात्र थियो । त्यसैले राजा जनकको भाषा पनि संस्कृत थियो । मैथिली भाषाको जन्म ११ औं शताब्दमा भएको भाषा विज्ञहरुको भनाई रहेको छ ।

(स्रोत : राष्ट्रभाषा, लेखक प्रा. बालकृष्ण पोखरेल, प्रकाशक : साझा प्रकाशन : संस्करण : प्रथम प्रकाशन २०२२ र दशम २०५५ साउन १७ गते पेज नं ८९-९९) ।


## सूचना सूचना सूचना

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर, कोशी प्रदेश**


# गाँजा बोकेको स्कार्पियो र मोटर साईकल बरामद



विराटनगर । सुनसरीको छुट्टा छुट्टै स्थानबाट लागुऔषध गाँजा बोकेको २ वटा सवारी साधन र एउटा मोटर साईकल प्रहरील नियन्त्रणमा लिएको छ ।

विहीवार विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय चिमडी र इलाका प्रहरी कार्यालय हरीनगरबाट खटिएको प्रहरी टोलीले संकास्पद अवस्थामा रहेको एचआर ७० इ ९५०२ नम्वरको स्कारपिओ गाडी रोक्न खोज्दा नरोकी भागए पछि देवानगंज-७ स्थितमा अनियन्त्रित भई सडक भन्दा १० फिट तल झरेको अवस्थामा प्रहरीले नियन्त्रण मा लिएको थियो ।

प्रहरीले उक्त स्कारपिया बाट १० बोरा गाँजा, सोही स्थान नजिक रहेको ४ पोका गाँजा समेत (२९६ किलो ८५० ग्राम) र प्रदेश २-०३-००९ प ०९९७ नम्बरको मोटर साईकल बरामद गरेको थियो ।

त्यसै सोही दिन इटहरी उप-महानगरपालिका-१७ स्थितबाट ट्राफिक समेतको सयुक्त चेकिङ टोलिले चेकजाँचको क्रममा बा. २ च ३४६५ नम्बरको टाटा सफारी गाडीमा ८ पोका (२ सय ३० किलो १५० ग्राम) गाँजा बरामद गरेको छ भने सोही दिन राती कोशी गाउँपालिका-३ स्थित नेपाल भारत सिमा नजिकमा जिल्ला प्रहरी कार्यालय सुनसरी र इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी गस्ती टोलीले २ वटा बोरामा ४६ किलो ५६० ग्राम गाँजा बरामद गरेको थियो ।

बरामद भएका गाँजा र सवारी साधनको जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान तथा आवश्यक कानूनि कारवाही भईरहेको छ ।

# लाइभ इन कन्सर्ट झापामा

विराटनगर । झापा जिल्ला कमल–५ स्थित आदिवासी रंगशालामा 'कर्मा लाइभ इन कन्सर्ट संगसंगै कुटुम्ब' नामक सांगीतिक कार्यक्रम आयोजना हुने भएको छ ।

इभेन्ट म्यानेजमेन्ट एसोसिएसन अफ नेपाल (ईमान) कोशी प्रदेशको आयोजनामा फागुन १४ गते (महाशिवरात्रि) हुने कार्यक्रममा नेपाली संगीतका दुई चर्चित ब्याण्डहरु कर्मा र कुटुम्ब विशेष प्रस्तुति रहनेछ ।

संगीतप्रेमीहरूलाई उत्कृष्ट सांगितिक अनुभव प्रदान गर्नुका साथै सामाजिक उत्तरदायित्व बहन गर्ने उद्देश्य राखेको छ । आयोजकका अनुसार झापाको कमल गाउँपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चिनाउने, आर्थिक रूपमा कमजोर २० जना बालबालिकालाई पूर्ण छात्रवृत्ति प्रदान गर्ने, मंगलमय माविमा अध्ययनरत ३०-३५ जना अपांगता भएका विद्यार्थीहरूलाई आवश्यक लत्ताकपडा, स्कुल ब्याग तथा शैक्षिक सामग्री वितरण गर्ने लक्ष्य लिइएको छ । साथै, संघमा आबद्ध पत्रकार तथा सदस्यहरूको हकहितका लागि कोष खडा गरिने छ ।

नेपाली संगीतमा झन्डै तीन दशकदेखि सक्रिय कर्मा ब्याण्डले रक तथा लोक-पप शैलीका गीतहरू प्रस्तुत गर्दै आएको छ । 'हुक्का मेरो', 'को हौ तिमी', 'मायालु किन हो' जस्ता गीतहरू दर्शकमाझ निकै लोकप्रिय छन् ।

त्यस्तै, झन्डै दुई दशकदेखि नेपाली लोक बाजाहरूको संरक्षण गर्दै आएको कुटुम्ब ब्याण्डले लोक तथा फ्युजन संगीतलाई नयाँ ढंगमा प्रस्तुत गर्दै आएको छ । कुटुम्बको सांगीतिक प्रस्तुति झापा तथा आसपासका संगीतप्रेमीहरूका लागि नयाँ अनुभव हुने विश्वास गरिएको छ ।

# होलीको अवसरमा कृष्णलिला अर्थात रामलिला आयोजना गर्ने तयारीमा



विराटनगर । श्रीहरि सत्संग समिति नेपाल, विराटनगरले होली पर्वका अवसरकामा कृष्णलिला (रासलिला) आयोजना गर्ने तयारीमा जुटेका छन् ।

श्रीहरि सत्संग समिति नेपालका राष्ट्रिय अध्यक्ष भिखम चन्द सरलको अध्यक्षतमा भएको भेलाले कृष्णा लिला (रासलिला) आयोजना गर्नको लागि ५५५ जनाको मुल आयोजक कमेटी र ३१ जनाका कार्यसम्पादन समिति बनाएका छन् ।

बैठकलाइ सम्बोधन गर्दै अध्यक्ष सरलले तीन वर्ष पहिले स्थापना भएको श्रीहरि सत्संग समितिले पहाड र तराईको गाउँगाउँमा हिन्दु धर्म जागर अभियान चलाई धर्म परिवर्तन रोक्न कार्यमा संस्थाले अहम भुमिका निर्वाह गरेको सुनाउँदै शहरी क्षेत्रबाट टाढा ग्रामीण भेगमा रहेका जनजाति, आदिवासी, पिछडिए का सीमान्कृत समुदायको घर दैलोमा पुगेर रात्री प्रयास समेत गरी भजन, किर्तन, कथा एवं प्रवचनको माध्यमबाट धर्म जागरण अभियान निरन्तर संचालित रहेको वताए ।

विराटनगरमा लामो अन्तरालमा पहिलो पल्ट श्रीकृष्ण लिला अर्थात् रास लिलाको भव्य आयोजन होलीको शुभ अवसरमा अगामी चैत ५ गते देखि ९ गते सम्म अतिथि सदमा हुने भएको छ। रासलिला मनोरञ्जनका लागि मात्र होइन धर्म जागरण अभियानको एक खुडकिलो हुनेछ। भारतको वृन्दावन धामबाट आउने २१ सदस्यीय टोलीले आफ्नो कलात्मक प्रस्तुति पेश गर्ने अध्यक्ष सरलले जानकारी गराए।

त्यसैगरी कार्यक्रमका प्रमुख संयोजक महेश स्वर्णकारले होलीको अवसरमा आयोजना गर्न लागिएको रास लिलाको साथ साथै प्रत्येक दिन स्थानीय जातजातिको झाकी प्रदर्शन हुने जानकारी गराउँदै सो आयोजनालाई सभ्य र भव्य बनाउन विराटनगर बासीलाई तन, मन र धनले सहयोग गर्न आग्रह गरका थिए ।

त्यसैगरी विराटनगर सम्भाग अध्यक्ष विद्यानन्द माझीले रास लिला आयोजना गर्न करीब १० लाख खर्चको अनुमान गरेको बताउँदै त्यसका लागि करीब १५ लाख सहयोग जुटाउनु पर्ने भएकोले सबैलाई सहयोग गर्न आग्रह गरका थिए ।

उक्त बैठकमा देवेन्द्र गुप्ता, लक्ष्मण नेवटीया, गिरीजा सारडा लगायतले आ-आफ्नो मन्तव्य राख्दै हिन्दु धर्मलाई वचाउने अभियानमा सबैले स्वस्फुर्त रुपमा आफै सहभागी आग्रह गरका थिए ।

# प्रतिबन्धित लागुऔषध सहित ६ पक्राउ

विराटनगर । झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लाहरु को बिभिन्न स्थानहरुबाट प्रतिबन्धित लागूऔषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बुधबार अस्थायी प्रहरी चौकी अमरहाट सुनसरीबाट खटिएको प्रहरी टोलिले धरान उप-महानगरपालिका-४ स्थितबाट बा -०२-०३५ प १५३४ नम्बरको स्कुटर चालक धनकुटा नगरपालिका-४ का २३ बर्षीय रोशन श्रेष्ठ र पछाडि सवार २४ बर्षीय निरज घिमिरेलाई १६ ग्राम ५६० मिलिग्राम ब्राउनसुगर सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी झापाको मेचिनगर नगरपालिका -६ स्थितबाट लागुऔषध नियन्त्रण ब्युरो काँकडभिट्टाको प्रहरी टोलीले मोरडको शनिश्चरे नगरपालिका-६ का ३० बर्षीय इश्वर भुजेल र उनको श्रीमती ३८ बर्षीया शान्ती आङ्देम्बे भुजेललाई २ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

औषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा भारतबाट नेपाल तर्फ आउदै गरेका ताप्लेजुङ सिदिङवा गाउँपालिका-३ का २२ बर्षीय सुरेन्द्र राईलाई १ ग्राम १२० मिलिग्राम खैरो हिरोईन सहित नियन्त्रणमा लिएको थियो । त

यसैगरी गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धरान सुनसरीबाट खटिएको प्रहरी टोलिले आज बिहान साढे २ बजे धरान उप-महानगरपालिका-६ पानमारा जंगल स्थित सेउती पुल नजिक बेवारिसे अवस्थामा रहेको बा १५ च ७६३३ नम्बरको गाडीमा ४१० किलो गाँजा बरामद भएसगै नियन्त्रणमा लिएको हो भने प्रहरी चौकी घुस्कीले हरिनगर गाउँपालिका- ६ स्थितबाट बेवारिसे अवस्थमा रहेको १९ किलो गाँजा बरामद गरेको थियो ।

बिराटनगर-१५ स्थितबाट लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगरको प्रहरी टोलिले सुनसरी इटहरी उप-महानगरपालिका-९ का २५ बर्षीय निशान चौधरीलाई ३ ग्राम २० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसै गरी उदयपुरको त्रियुगा नगरपालिका-४ का ३० बर्षीय सरोज कुमार सार्कीलाई एम्पुल १७ वटा, सिरिन्ज १ थान सहित पक्राउ गरेको छ ।

पक्राउ परेका उपर सम्बन्धित प्रहरी कार्यालयहरु बाट थप अनुसन्धान भई रहको छ ।

# स्थापना दिवसको अवसरमा तीन पत्रकार सम्मानित



विराटनगर । प्रेस चौतारी नेपालका २७ औं स्थापना दिवसको अवसरमा एक जानलाई पुरस्कार सहित सम्मान गरको छ भने दुई जनालाई सम्मान गरका छन् ।

दुई जना पत्रकारीता क्षेत्रमै रहेर विद्यावारिधि गरेका प्रेस चौतारी मोरंगका संस्थापक सचिव डा. डिल्ली पोखरील र डा. धर्मराज ढकाललाई सम्मान गरको हो ।

पोखरेलले नेपालको आर्थिक विकासमा कृषि सहकारी संस्थाहरुको भूमिका विषयमा विद्यावारिध (पीएचडी) र ढकालले नेपाली कटन उद्योगहरुमा कार्यरत मजदुरहरु को उत्प्रेरणा र कार्य सम्पादनको अवस्था विषयमा विद्यावारिध (पीएचडी) गरेका हुन् ।

त्यसैगरी सोही अवसरमा कृष्णप्रसाद सिग्देल यूवा पत्रकारिता पुरस्कार पत्रकार हरिहर नेपाललाई प्रदान गरिएको छ । पुरस्कारको राशी १५ हजार रुपैयाँ रहेको छ ।

सम्मनित हुने तीनै जनालाई कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवतीरमण भण्डारीले दोसल्ला, सम्मान पत्रले सम्मान गरका थिए ।

सो अवसरमा नेकपा एमाले मोरंग अध्यक्ष बाबुराम कार्की, प्रेस चौतारी कोशी प्रदेश अध्यक्ष अविजाल विष्ट, नेपाल पत्रकार महासंघ मोरंग अध्यक्ष शुशिला पाठक, समाजवादी प्रेस संगठन कोशी प्रदेश अध्यक्ष बन्धु पोखरेल, प्रेस सेन्टर कोशी प्रदेश महासचिव गोकुल पराजुली र प्रेस युनियन मोरंग सचिव गोपाल पोखरेलले शुभकामना मन्तव्य राखेका थिए ।

# लागुऔषध ओसार पसार गर्ने दुईलाई गोली प्रहार गरी पक्राउ

विराटनगर । झापाको कनकाई नगरपालिका-४ स्थितबाट लागूऔषध ओसार पसारमा संलग्न रहेका २ जनालाई प्रहरीले गोली प्रहार गरी पक्राउ गरेकोछ ।

मंगलवार लागुऔषध ओसार पसार भईरहेको भन्ने विशेष सुचनाको आधारमा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरी टोलीले कनकाई नगरपालिका-४ स्थित कुमरखोद-सुरुङ्गा भित्री सडक खण्डमा चेकजाँचको क्रममा २ जना सवार रहेको वीआर ३७ एए ८४९८ नम्बरको मोटरसाईकललाई संका लागी रोक्न खोज्दा नरोकी भगाए पछि प्रहरीले गोली प्रहार गरी नियन्त्रणमा लिएको थियो ।

खुट्टामा गोली लागी घाईते भएका मोटरसाईकल चालक भारत बिहार डिगल बैंकका २८ बर्षीय अन्जर आलमको प्रादेशिक अस्पताल भद्रपुरमा प्रहरीको निगरानीमा उपचार भईरहेको छ भने बरामद भएको ३० ग्राम ६९० मिलिग्राम ब्राउनसुगर र मोटरसाईकल पछाडि सवार रहेका उनका भाई १९ बर्षीय युसुब आलमलाई नियन्त्रणमा लिएको थियो ।

ब्राउनसुगर सहित पक्राउ परेका उनिहरुको इलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान तथा कानूनि कारवाही भईरहेको छ ।




## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# ग्रामथान अर्थात ग्रामदेवता पूजाको अवसरमा कलश यात्रा सहित पूजापाठ

**सुरेन्द्र मण्डल**

आमगाछी । तराई मधेशमा बसोवास गर्ने मानिसहरुको हरेक टोल टोलमा ग्राम देववताको थान हुने गर्दछ । सो थानमा प्रत्येक वर्ष पूजा पाट समेत गर्ने गरिन्छ ।

सोही क्रमलाई जारी राख्नै मोरंगको रंगेली, सुनवर्सी, रतुवामाई नगरपालिका लागाय गाउँपालिकाहरुमा ग्राम देवता थान परिवारले माता भागवातीको पुजा टोलबासीले मिलेर गर्ने गरिन्छ ।

मोरङको रंगेली-५ आमगाछीमा रहेका ग्रामथान अर्थात ग्रामदेवता थान परिवारले माता भगवतीको पूजा सम्पन्न गरेका छन । टोल टोलमा रहको ग्रामदेवताको थाहरुमा प्रत्येक वर्ष नयाँ सालको बैशाख महिना भित्र वार्षिक पूजा गर्ने चलन पौरानिक कालदेख चल्दै आए पनि केही वर्ष यति माघ माहिनामा सो पूजा गर्ने गरिन्छ ।

पूजाको लागि चाहिल सामग्रीहरु खरिदको लाग गाउँ टोलमा बसोवास गरेका मानिसहरुले आफ्नो क्षमता अनुसारको धान, चामल, लगायतका अन्न वा नगद रुपियाँ समेत चन्दाको रुपमा दिने गरिन्छ । सोही सहयोगवाट ग्रामथाको पूजापाठ गर्ने गरिन्छ ।



खास गरी तराई मधेश क्षेत्रमा बसोवास गर्ने मानिसहरुले पौरानिकध काल देखि ग्रामथान अर्थात ग्राम देवतको पूजा आजा गर्दै आएका छन् । कुनै ठाउँमा नयाँ वस्ती वा टोलको बसोवास भएका सोही ठाउँमा नयाँ ग्रामथानको स्थापन समेत गर्ने गरिन्छ । खास गरी नयाँ अन्न बाली सकेर ग्राम देवताका पूजा गर्नुका साथै घरमा विवाह भएमा विवाह हुने वर र कन्या लाई अनिवार्य रुपमा ग्रामथानमा गई पूजापाठ गर्ने समेत प्रचलन रहको छ ।

ग्रामथान अथावा ग्राम देवता भएको ठाउँमा ३६ कोटीको देवताहरुका बास रहेको टोल समाजका वृद्धि वृद्धाहरु धारण राख्दै भन्छन ' सो पूजामा मुख्यत : भागवती माताको स्थानलाई प्राथमिकता दिई पूजा गर्ने गरेको वताउँछन् ।

हिन्दू धर्मालम्बीहरूको धारणा अनुसार भागवती माताको पूजापाठमा कमी भएकै कारण चौपाया जनावरहरुमा लम्मी स्कीन रोग र मानिसहरुमा आँखा पाक्ने, महामारी रोग जस्ता घटनाहरु माताकै क्रोधले हुने गरको भन्दै सोवाट बच्न माघ महिनामा ग्रामदेवताको पूजापाठ ग्रामीणहरु मिलेर गर्ने चलन भारतवाट नेपाल आएको अनुमान गरिएको छ ।

किसानले पालेको चौपाया, अन्नवाली लगायत मानव जीवनमा कुनै पनि कसिमको कष्ट नआयोस भन्दै मातालाई खुशी राख्न टोलवासीहरु मिलेर पूजा गरिन्छ ।

टोलका केही व्यक्तिहरु मिलेर २ दिन पुरा र १ दिन आधा गरी साढे तीन दिन सम्म सहयोग संकलन गरी पूजाको तयारीमा जुटिन्छ । सोही अवसरमा कलश यात्रा, विधवत पूजापाठका साथै होमजाप पण्डितका निर्देशन अनुसार गरिन्छ ।

प्रसादको रुपमा पूरी, हलुवा, खिर, फलफूल, लड्डु, बुनियाँ, थानमा चढाउने गरिन्छ ।

रंगेली-५ आमगाछीमा एक दर्जन भन्दा बढी ग्राम देवता थान रहेको छ र प्राय ग्राम देवता थान परिवारले कलश यात्रा सहित माता भगवतीको पूजा सम्पन्न गरी सकेको छ ।

## ऋण लिएर...

डलर पुग्यो। ५.७ प्रतिशतका दरले प्रगति भयो ।

फिलिपिन्सको प्रतिव्यक्ति आय सन् २००५ मा १२६१ डलर थियो। १४ वर्षपछि ३५१२ डलर पुग्यो जुन ४.२ प्रतिशतको प्रगति हो ।

यी सबै देशको प्रगति हुनुमा एउटा समान कुरा के छ भने, सबै देशले ऋण लिएर रणनीतिक योजना सहित खर्च गरे । हामी भने यसमै चुकिरहेका छौं । ऋण लिँदैछौं तर रणनीतिक योजना बिना 'पपुलिस्ट' हुन खर्च गर्दैछौं ।

अर्थतन्त्र र आर्थिक लगानी भनेको ऋणको रकम लिने कुरा मात्र होइन, त्यसलाई प्रयोग गर्ने रणनीति, त्यसबाट आर्थिक क्षमता वृद्धि गर्ने र ऋण तिर्ने लक्ष्य पनि हो ।

हामीले अहिलेसम्म ऋण लियौं, खर्च गर्‍यौं र ऋण लिन सक्ने क्षमतालाई विशिष्ट मान्यौं । तर ऋणले के कति सहयोग पुर्‍यायो र समाज, जनजीवन र भविष्यका लागि कति लाभदायक रह्यो भन्ने बेवास्ता गर्‍यौं । कसैले सोध्यो भने जबाफ दिन पनि चाहँदैनौं ।

अर्कातिर ऋण लिने बेला हामी दुःख, आशा, गरिबी र जोखिमपूर्ण कथा सुनाउँछौं । तर हामीले त्यसबाट आउने परिणाम र सकारात्मक परिवर्तन देखाउने प्रयास गरेका छैनौं ।

अविकसित देशहरू र ऋणमा भर परेको अर्थतन्त्रको एउटा कालो पक्ष हुन्छ। त्यहाँ ऋण देखिने गरी आउँछ, तर नदेखिने रूपमा गम्भीर समस्या उत्पन्न हुन्छन् । यी समस्या प्रायः स्थानीय रूपमा उब्जिएका हुँदैनन्; आर्थिक सहयोगका रूपमा आयातीत योजनाको आधारमा ऋणको एक अंश खर्च हुन्छ जसको महँगो मूल्य देशका करदाताले चुकाउनुपर्छ ।

त्यस कारण, महत्त्वपूर्ण कुरा ऋण लिने रकम मात्र होइन, यसबाट आउने परिणाम हो ।

नेपालले लिएको ऋण भने घातक बनिरहेको छ किनभने हामीसँग त्यो तिर्ने योजना छैन । देशमा रणनीतिक सुधार ल्याउन धेरै काम गर्नुपर्छ । हाल सम्मको अध्ययन र अनुभवका आधारमा म यसलाई तीनवटा मुख्य बुँदामा समेट्न चाहन्छु ।

- एकीकृत नीति

हामीकहाँ धेरै विषयमा राज्यका एक नियम र अर्को नियमबीच असंगति छ । कहिलेकाहीँ एक कानुन एउटा दाताले बनाएको हुन्छ र अर्को कानुन अर्को दाताले बनाएको। यसको परिणाम स्वरूप नीति एकीकृत हुन सकेको छैन । जबसम्म कानुनहरू एकीकृत हुँदैनन्, तबसम्म निर्णय र सहजीकरणको प्रक्रिया पनि एकीकृत हुँदैन ।

- एकीकृत विकास योजना

यसको उदाहरण, एउटै सडक एकै वर्षमा बारम्बार किन खनिन्छ? हामीले १० वर्षको आवश्यकता परिकल्पना गरेर एकीकृत योजना बनाउन सक्दैनौं ?

- एकीकृत बस्तीको योजना

देशको लगभग ६० प्रतिशत भूभागमा बस्तीहरू छरिएका छन्। यस्तोमा मानिसहरूलाई आधारभूत सार्वजनिक सेवा प्राप्त गर्न कठिन हुन्छ। राज्यलाई ती सेवा प्रदान गर्न चुनौतीपूर्ण बन्छ। त्यसैले एकीकृत बस्तीको योजना ल्याउन सकिन्छ ।

सेतोपाटीबाट


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५0% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।


## प्रतिबन्धित लागुऔषध सहित सात जना पक्राउ

विराटनगर । झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लाको विभिन्न स्थानबाट लागूऔषध ब्राउन सुगर सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विहीवार इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा बिराटनगर महानगर पालिका-१६ स्थितबाट मोरङको उर्लाबारी नगर पालिका-७ का २० बर्षीय अमन मियालाई ४ ग्राम १८ मिलिग्राम खैरो हिरोईन सहित पक्राउ गरेको थियो ।

त्यसैगरी बिराटनगर महानगरपालिका-१५ स्थितबाट लागूऔषध ब्यूरो विराटनगरबाट खटिएको टोलिले चितवनको भरतपुर महानगरपालिका-४ का २६ बर्षीय समिरलाई १ ग्राम १२ मिलिग्राम ब्राउन सुगर, बिराटनगर-११ का १९ बर्षीय कन्हैया सोनी र सोही स्थान बस्ने २२ बर्षीय आशिष कुमार यादवलाई ५४० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

झापाको कन्काई नगर पालिका-४ स्थितबाट गोप्य सुचनाका आधारमा इलाका प्रहरी कार्यालय सुरुङगाबाट खटिएको प्रहरी टोलिले स्थानिय घर भएका ३१ बर्षीय डम्बर बहादुर माझीलाई ६४० मिलिग्राम ब्राउन सुगर सहित प्रकाउ गरेको थियो भने सुनसरीको इटहरी उप-महानगरपालिका-६ स्थितबाट इटहरीबाट खटिएका प्रहरी टोलिले मोरङको सुन्दर हरैंचाका २३ बर्षीय निखिल राउतलाई १५० ग्राम लागऔषध र नगद एघार हजार छ सय दश रुपैया सहित र जिल्ला प्रहरी कार्यालय उदयपुरले ३५ बर्षीय बाल कुमार बुढाथोकीलाई ६ एम्पुल प्रतिबन्धित लागुऔषध सहित नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेकाहरु उपर सम्बन्धित प्रहरी कार्यालायवाट थप अनुसन्धान भई रहको छ ।

## योग जागरण अभियान शुरु

विराटनगर । पतञ्जलि योग समिति नेपालअन्तर्गत विराटनगर महानगर पालिकाका विभिन्न स्थानहरूमा समितिकी प्रथम अध्यक्ष शिल्पा प्याकुरेलको नेतृत्वमा नि:शुल्क योग विज्ञान शिविर तथा सह(योग शिक्षक तालिमहरू प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ ।

योग अभ्यासलाई जन स्तरमा पुर्‍याउने उद्देश्यले पतञ्जलि योग समितिले नि:शुल्क शिविर सञ्चालन गर्दै आएको छ । दैनिक योग अभ्यासले मानिसको



शारीरिक तथा मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पारिरहेको छ । समितिका पदाधिकारीहरूले योगका माध्यमबाट समाजमा स्वास्थ्य तथा नैतिक चेतना जगाउने अभियानलाई अझ तीव्रता दिने अध्यक्ष प्याकुरेलले बताइन ।

विराटनगरमा पतञ्जलि योग महानगर समिति को नेतृत्वमा ३७ वटा योग साधना केन्द्र सञ्चालनमा आएका छन् । जस मध्ये पाँच स्थानमा योग संचाल भई रहको छ ।

राम मन्दिर योग साधना केन्द्र, संयोजक यसोदा पराजुली, संखुवाली योग साधना केन्द्र संयोजक लक्ष्मी भट्टराई, रुद्रेश्वर योग साधना केन्द्र संयोजक दुर्गा देवी पौडेल, पुष्पलाल चौक योग साधना केन्द्र संयोजक लक्ष्मी रेग्मी घिमिरे र लेखनाथ पुस्तकालय योग साधना केन्द्र सयोजक यशोदा शिवाकोटी मैनालीको नेतृत्वमा योग संचाल भई रहको छ ।

योग कार्यक्रममा आइतवार होम, मंगलवार योग क्विज प्रतियोगिता, बुधबार नृत्य लगायत भई रहेका छन् ।

योग प्रशिक्षक तथा साधकहरूका अनुसार, पतञ्जलि योग समितिले सञ्चालित कार्यक्रमहरूबाट धेरै मानिसहरूले लाभ उठाइरहेका छन् । संयोजक हरूका अनुसार, आगामी दिनमा अझ बढी साधना केन्द्रहरू विस्तार गरिने योजना बनाइएको छ ।